# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन १५ गते २०३० साल

श्री ५ को सरकार

### उद्योग वाणिज्य मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उप-दफा(१)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल आयल निगमबाट अमलेखगञ्जमा निर्माण गरिने स्टोरेज टैङ्कको लागि नारायणी अञ्चल, बारा जिल्ला अमलेखगञ्ज पञ्चायत वडा नं. ४ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व काठमाडौं वीरगन्ज पक्की सडक, पश्चिम नेपाल आयल निगमको जग्गा, दक्षिण पर्ति जग्गा, उत्तर कच्ची सडक यति ४ किल्लाभित्रको कित्ता नं. ४८ को ०–६–२ र कित्ता नं. ४९ को ०–०–४ समेतको मालपोत रू १६।०७ (सोह्र रुपैयाँ सात पैसा) लाग्ने जम्मा जग्गा बिगाहा ०–६–६ (छ कठ्ठा छ धुर) को कित्ता – – – – – – – १

आज्ञाले–

शिवनारायण दास

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

322

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

326